# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

वाणिज्य मन्त्रालयका सचिव श्री दामोदरप्रसाद गौतम श्री ५ को सरकारको उच्चस्तरीय प्रतिनिधिमण्डलमा सम्मिलित भै नयाँ दिल्ली जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री पूर्णबहादुर विष्टलाई मिति २०४३।८।२५ देखि का.मु. मुकरर गरेको छ।

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

महालेखा नियन्त्रक कार्यालयका महालेखा नियन्त्रक श्री भुवनेश्वर खत्री घर बिदा-मा बस्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो महालेखा नियन्त्रक पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सह-सचिव श्री श्याम विहारीलाल श्रीवास्तवलाई मिति २०४३।८।४ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

श्री ५ को सरकारले खण्ड ३५, मिति २०४२।६।२६, संख्या ३६ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको तलबमान कायमसम्बन्धी सूचनाको परिच्छेद १२ को क्रम संख्या ५ पछि देहायको क्रम संख्या ६ थप गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

६. सहायक रथी — २७५०–७५ (१०)–३५००

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



४७९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले जिल्ला कार्यालय खोटाङका प्र. जि. अ. श्री बद्रीनाथ शर्मा घर बिदामा बस्नुभएकोले सो प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री तारानाथ सुवेदीलाई मिति २०४३।७।९ देखि का. मु. मुकरर गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले जिल्ला कार्यालय सिराहाका प्र. जि. अ. श्री किशन सिंह थापा घर बिदामा बस्नुभएकोले सो प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री कृष्णप्रसाद पौडेललाई मिति २०४३।७।१२ देखि का. मु. मुकरर गरेको छ ।

आज्ञाले,
केदारनिधि तिवारी
सह-सचिव

---

### भूलसुधार

खण्ड ३६ मिति २०४३।८।९ संख्या ३२ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचना २ को क्र. सं. ६३ मा "श्री रेशमबहादुर पाण्डे" हुनुपर्नेमा "श्री रमेशबहादुर पाण्डे" हुन गएकोले भूलसुधार गरिएको छ ।

सामान्य प्रशासन मन्त्रालय



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।